आज मिति २०७५ बैशाख ३ गतेका दिन यस शितगंगा नगरपालिका प्रमुख सूर्य प्रसाद अधिकारीज्यू को अध्यक्षतामा देहायको उपस्थिमा नगरकार्यपालिकाको कार्यालयमा नगरकार्यपालिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| | |
|---|---|
| १. | प्रमुख श्री सूर्य प्रसाद अधिकारी शितगंगा नगरपालिका |
| २. | उप प्रमुख श्री टिकाराम रेश्मी मगर शितगंगा नगरपालिका |
| ३. | सदस्य श्री बुद्धिकृष्ण पौडेल शितगंगा नगरपालिका |
| ४. | सदस्य श्री गोबर्धन थापा शितगंगा नगरपालिका |
| ५. | सदस्य श्री हेमनाथ भुसाल शितगंगा नगरपालिका |
| ६. | सदस्य श्री दामोदर अधिकारी शितगंगा नगरपालिका |
| ७. | सदस्य श्री कमल पौडेल शितगंगा नगरपालिका |
| ८. | सदस्य श्री ऋषि बहादुर रेश्मी शितगंगा नगरपालिका |
| ९. | सदस्य श्री मोहन प्रसाद पन्थी शितगंगा नगरपालिका |
| १०. | सदस्य श्री रुक बहादुर आले शितगंगा नगरपालिका |
| ११. | सदस्य श्री भिम बहादुर के.सी. शितगंगा नगरपालिका |
| १२. | सदस्य श्री हिम्मत पोखरेल शितगंगा नगरपालिका |
| १३. | सदस्य श्री कोपिलचन्द्र आले शितगंगा नगरपालिका |
| १४. | सदस्य श्री बावुराम गैरे शितगंगा नगरपालिका |
| १५. | सदस्य श्री दुर्गा बहादुर वि.सी. शितगंगा नगरपालिका |
| १६. | सदस्य श्री दामोदर न्यौपाने शितगंगा नगरपालिका |
| १७. | सदस्य श्री पवित्रा थापा गैरे शितगंगा नगरपालिका |
| १८. | सदस्य श्री जीवा पौडेल शितगंगा नगरपालिका |
| १९. | सदस्य श्री शान्ता अधिकारी शितगंगा नगरपालिका |
| २०. | सदस्य श्री कमला वेल्वासे शितगंगा नगरपालिका |
| २१. | सदस्य श्री अर्चना राना मगर शितगंगा नगरपालिका |
| २२. | सदस्य श्री राम बहादुर दर्नाल शितगंगा नगरपालिका |

२३. सदस्य श्री विष्णु बहादर परियार शितगंगा नगरपालिका

२४. सदस्य श्री गोपाल वि.क. शितगंगा नगरपालिका

२५. सदस्य सचिव श्री हरि नारायण बेल्वासे शितगंगा नगरपालिका

सहयोगी कर्मचारीहरु

१. श्री नुमलाल खनाल ना.सु. शितगंगा न.पा.

२. श्री ओम प्रकाश पाण्डे नायव सुव्वा शि.न.पा.

३. श्री हुम बहादुर लामिछाने सव-इन्जिनियर शिनपा

४. श्री मधु पौडेल आईटी अफिसर शि.न.पा.

५. श्री लक्ष्मी भट्टराई क. सहायक शिनपा

६. श्री प्रकाश अधिकारी का.स. शिनपा

बैठकका एजेन्डा (प्रस्तावहरु) :-

१. वडा तर्फका योजना संसोधन सम्बन्धमा ।

२. अधिकार प्रत्यायोजन सम्बन्धमा ।

३. विभिन्न समितिहरु गठन सम्बन्धमा ।

४. नगरकार्यपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा ।

५. न.पा.कार्यालयको लागि नि :शुल्क रुपमा उपलव्ध हुने जग्गाको स्वामित्व न.पा.को नाममा लिने वारे

६. दररेट निर्धारण सम्बन्धमा ।

७. सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा ।

८. सडकहरुको ग्रेड सम्बन्धमा ।

९. योजनाको कार्यान्वय सम्बन्धमा ।

१०. कर्मचारी करार सम्बन्धमा ।

११. अपाङ्ग समिति सम्बन्धमा ।

१२. सुखौरा खानेपानीको म्याचिङ्ग सम्बन्धमा ।

१३. विद्यालयको कक्षा थप अनुमती सम्बन्धमा ।

१४. सूचना प्रविधि (ICT) पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्र

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका निम्न वडाहरुबाट कार्यक्रम संसोधन गरि दिन भनि वडा समितिको निर्णय सहित माग भई आएकोले निम्न वडाको निम्न अनुसारको कार्यक्रम संसोधन गर्ने निर्णय गरियो ।

वडा नं १३ तर्फ

१. मुसिवान वेमौसमी तरकारी विउपल खरिद शिर्षमा रु ८००००।- विनियोजन भएकोमा उक्त मुसिवानमा दर्तावाल मानव अधिकार तरकारी कृर्षक समूह रहेकोले उक्त कार्यक्रम सोही समूह मार्फत संचालन भई सम्पन्न भएकोले सो समूहलाई भुक्तानी दिन भनि १३ नं. वडा कार्यालयको च.नं. १८० मिति २०७४/१२/२७ को पत्रबाट लेखिआएकोले उक्त अनुसार मुसियान विउपल खरिद शिर्षकमा रहेको रकम रु ८००००।- मानव अधिकार तरकारी कृर्षक समूह मार्फत कार्यभई भुक्तानीको लागि पेश भएकोले सो समूहका नाममा भुक्तानी दिने ।

| साविकको योजना/कार्यक्रम | रकम | संसोधन गरिएको योजना /कार्यक्रम | रकम |
|---|---|---|---|
| बुद्ध निमावि तारवार व्यावस्थापन | ५०००० | बुद्ध निमावि कम्प्युटर तथा शैक्षिक सामाग्री खरिद | ५०००० |
| छेडा बजार सानिलेक ठाडखोला रिकोट खा.पा. मर्मत | १००००० | खाडल मल सुधार तथा व्यवस्थापन शिनपा १३ | १००००० |

वडा नं ५ तर्फ

| साविकको योजना/कार्यक्रम | रकम | संसोधन गरिएको योजना /कार्यक्रम | रकम |
|---|---|---|---|
| म्याचिङ्ग फण्ड | ७२७५०० | कार्यालय मर्मत व्यवस्थापन | २००००० |
| | | माझगाउ डाडागाउ पधेरेखोला छापडाडा विद्युत मर्मत | ९०००० |
| | | नैटारी मुसुने सेरा खेलकुद मैदान मो.वा. | ८०००० |
| | | रातामाटा मन्दिर | ५०००० |
| | | गल्धा चोरकाटे दिपाखर्क मो.वा. | ७५००० |

| | | | |
|---|---|---|---|
| | | बैराघाट वाङ्गे सिमल लघु सिंचाई योजना | ५०००० |
| | | सिंचाईको लागि पाईप खरिद | १०५००० |
| | | तुसारे मो.वा. मा थप अपुग वजेट | ३०००० |
| | | सुपादेउराली मन्दिर थारपाईला सिम्लारुख थप | ७७५०० |
| विपन्न एकल महिला तालिम | ३०००० | | ० |
| जम्मा | ७५७५०० | | ७५७५०० |

वडा नं १२ तर्फ

| साविकको योजना/कार्यक्रम | रकम | संसोधन गरिएको योजना /कार्यक्रम | रकम |
|---|---|---|---|
| हिमलक्ष्मी आरोग्यधाम गाई संरक्षण | १३०००० | कन्या आधारभुत विद्यालय डोहोटे तारवार निर्माण | १३०००० |

वडा नं १४ तर्फ

| साविकको योजना/कार्यक्रम | रकम | संसोधन गरिएको योजना /कार्यक्रम | रकम |
|---|---|---|---|
| महिला विशेष कार्यक्रम अगरवत्ति कार्यक्रम | ८०००० | महिला विशेष कार्यक्रम मैन वत्ती कार्यक्रम | ८०००० |

वडा नं ६ तर्फ

| साविकको योजना/कार्यक्रम | रकम | संसोधन गरिएको योजना /कार्यक्रम | रकम |
|---|---|---|---|
| सिद्धार्थ आधारभुत विद्यालय खा.पा. मर्मत | ७५००० | सिद्धार्थ आधारभुत विद्यालय तारवार | ७५००० |

वडा नं ९ तर्फ

| साविकको योजना/कार्यक्रम | रकम | संसोधन गरिएको योजना /कार्यक्रम | रकम |
|---|---|---|---|
| गगटे सिस्ने विद्युतिकरण | १५००००० | धानखोला देउराली पाकुरी सामकोट मो.वा.मा स्टक्चर निर्माण | १५००००० |

वडा नं ३ तर्फ

| साविकको योजना/कार्यक्रम | रकम | संसोधन गरिएको योजना /कार्यक्रम | रकम |
|---|---|---|---|
| हटिया साउने खोला सिंडी निर्माण | ९०००० | इ.प्र.का कम्प्यूटर खरिद | ५०००० |
| सगरमाथा चिउरी घिउ उद्योग भवन निर्माण | १२०००० | कफी विरुवा नर्सरी साविक २ | ५०००० |
| सेङ्गलेङ्ग पद्मे टाक्रा मो.वा. | १००००० | खरको छाना विस्थापित कार्यक्रम | ९०००० |
| पोखेडाँडा पद्मे टाकुरा मो.वा. (घटाउने) | ३०००० | खेदकुद | २०००० |
| टिमुरे मुस्लेघाट मो.वा. | ५०००० | एक हजार भन्दा वढी वोइलर पाल्ने कुखुरा व्यावसायी प्रोत्साहन | ५०००० |
| | | तरकारी तथा कफी व्यावसायिक किसान ५० प्रतिशत अनुदानमा हिलट्या वितरण | ४०००० |
| | | मुस्लेघाट पहिरो रोकथाम | ९०००० |
| जम्मा | ३९०००० | जम्मा | ३९०००० |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.को लागि विभिन्न योजना तथा कार्यक्रमको लागि विनियोजित वजेटको खर्चको विश्लेषण गर्दा खर्च हुन नसक्ने देखिएका तथा कार्यान्वयनबाट सम्भावित बचत हुन सक्ने कार्यक्रमको वजेट रकम एकिन गरी तत्काल तथा आगामी आ.व.मा अनिवार्य रुपमा गर्नु पर्ने देखिएका र चालु आवमै कार्यान्वयन हुन सक्ने आयोजनामा आगामी नगरसभाबाट अनुमोदन गराउने गरी आवश्यक प्रकृया पुरा गरी कार्यान्वनय गर्न गराउनको लागि नगर प्रमुख, उप-प्रमुख तथा प्रमुख प्र. अधिकृतलाई अधिकार दिने निर्णय गरियो। साथै वजेट वचत भएमा सवै वडाको अत्यावश्यक देखिएको वडाको माग अनुसार प्राथमिकता दिने।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको लागि विभिन्न ऐन, नियमावली तथा कार्यविधिहरुमा भएको व्यवस्था बमोजिम आवश्यक पर्ने निम्न अनुसारको समितिहरु गठन गर्ने।

शितगंगा नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता २०६४ कार्यन्वयन गर्ने सम्बन्धमा उक्त आचार संहिताको दफा १४ वमोजिम तपसिलका पदाधिकारीहरु रहेको आचार संहिता अनुगमन समिति गठन गरियो ।

१. संयोजक :- बुद्धिकृष्ण पौडेल

२. सदस्य :- ठगिश्वर भुसाल

३. सदस्य :- जोग बहादुर सारु

४. सदस्य सचिव : मधु पौडेल (IT Officer)

आचार संहिता अनुगमन समितिको वैठकमा आवश्यकता अनुसार वस्तुहरु समितिका पदाधिकारीहरुले नियमानुसार वैठक पाउनेछन । समितिको वैठक महिनाको कम्तिमा एक पटक वस्नु पर्नेछ । आवश्यकता वमोजिम एकभन्दा वढीपटक पनि वैठक वस्न सक्ने छ । वैठक वस्दा प्रयोजन खुलाइएको हुनुपर्नेछ । वैठकले आवश्यकता वमाजिम अन्य पदाधिकारी वा सम्बद्ध कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

सोही आचार संहिताको दफा १६ (१) क वमोजिम तपसिलका पदाधिकारीहरु भएको आचार आचारसंहिता कार्यान्वयन समिति गठन गरियो ।

१. संयोजक :- नगर प्रमुख

२. सदस्य :- टिकाराम रेश्की मगर

३. सदस्य :- प्रमुख प्रशासकीय अधिकृत

४. सदस्य :- बेदुराम आचार्य

५. सदस्य :- चुमा गाहा

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ वमोजिम नगरसभाले आफ्नो काम कारवाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोगकत्वमा समिति गठन गर्न सक्ने व्यवस्था बमोजिम तपशिलको समिति गठन गरी आगामी नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

<u>लेखा समिति</u>

संयोजक :- विष्णु परियार

सदस्य :- कमला बेल्वासे

सदस्य :- रामकृष्ण श्रेष्ठ

<u>सुशासन समिति :</u>

संयोजक :- राम बहादुर दर्नाल

सदस्य :- शान्ता अधिकारी

सदस्य :- लालमणी घिमिरे

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शितगंगा नगरपालिका नगर कार्यपालिका (कार्य संपादन) नियमावली २०७४ को नियम १७ (क) वमोजिम कार्यपालिकाले आफुले संपादन गरेका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउनको लागि दामोदर न्यौपाने लाई प्रवक्ता तोक्ने निर्णय गरियो । प्रवक्ताले कार्यपालिकाको तर्फबाट जारी गर्नुपर्ने सार्वजनिक महत्वको सूचना, वक्तव्य, विज्ञप्ती आदि जारी गर्नुपर्नेछ । प्रवक्ता वाहेक कार्यपालिकाको पदाधिकारी सदस्य वा अन्य कर्मचारीवाट नियमावली वमोजिम सूचना वक्ततव्य वा विज्ञप्ति जारी गर्ने कार्य गराउन पाइने छैन ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को नगरसभाको मिति २०७४/१२/६ को निर्णय वमोजिम विभिन्न चार ठाउँमा जग्गा दाताहरुले निशुल्क रुपमा उपलब्ध गराउने भनिएका सवै जग्गा न.पा.को नाममा लिने गरी स्वीकार गरिएको । उक्त जग्गाधनीहरुलाई जग्गाधनी पुर्जा, नागरिकता आदिको प्रतिलिपी पेश गर्न मिति २०७४/१२/१४ को पत्रबाट अनुरोध गरिएकोमा साहुटोला (शि.न.पा - ३) वाट मात्र तोकिएको अवधि भित्र जग्गा उपलब्ध गराउने गरी ५ जना जग्गाधनीहरुले कागजात न.पा.को कार्यालयमा पेश गरेका हुँदा सो जग्गालाई न.पा.को स्वामित्वमा लिने प्रकिया तत्काल अगाडी वढाउने र अन्य स्थानका जग्गादाताबाट कागजात पेश नभएकोले न.पा. को कार्यालय लगायत साहुटोला (वडा नं.-३ मै) स्थापना गर्ने गरी तपसिल बमोजिम निर्णय गरियो । उक्त जग्गाहरुको स्वामित्व न.पा.को नाममा हस्तान्तरणको लागि मालपोत दस्तुर निशुल्क गरी रजिष्ट्रेशन पास गरिदिन जिल्ला मालपोत कार्यालयल अर्घाखाँचीलाई अनुरोध गर्ने । रजिष्ट्रेशन पास गर्नको लागि ना.सु. ओम प्रकाश पाण्डेलाई न.पा.को तर्फवाट प्रतिनिधि तोक्ने । कार्यालयको छाप सहित जग्गा दाताहरुलाई मालपोत कार्यालय लैजाने ल्याउने व्यवस्था कार्यालयले गर्ने ।

(क) जग्गा दाताहरुलाई १० दिन भित्र जग्गा पास गरिदिन मालपोत कार्यालयमा जानको लागि अनुरोध गर्ने र सोही अनुरुप तयारी गर्ने ।

(ख) दातावाट दान स्वरुप नि:शुल्क उपलब्ध हुने जग्गाको घरवाटो सिफारीस उपलब्ध गराउन वडा.नं. ३ लाई अनुरोध गर्ने ।

(ग) उक्त जग्गाको पहुच मार्गमा ग्राभेल एंव नाला, Widening, खोल्सीमा हियुम पाइपको व्यवस्था गर्ने ।

(घ) नापी कार्यालयवाट अमीन झिकाई न.पा.को १३ रोपनी जग्गा छुट्टयाएर जग्गा सम्माउने र जग्गा छुट्टाउन प्राविधिक शाखालाइ निर्देशन गर्ने ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ को (१) बमोजिम यस शितगंगा नगरपालिकाको नगर दररेट निर्धारण गर्नु पर्ने भएकोले नगर दररेट निर्धारण समिति देहाय वमोजिम गठन गर्ने :

१. प्रमुख प्रशासकीय अधिकृत – संयोजक

२. प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखा प्रमुख – सदस्य

३. निमार्ण व्यवसायी- नगर स्तरीय निर्माण ब्यवसायी संघ गठन नभएको हुँदा कुनै व्यवसायीलाइ आमन्त्रण गर्ने) – सदस्य

४. अध्यक्ष नगरस्तरीय उद्योग वाणिज्य संघ - सदस्य

५. इन्जिनियर (प्राविधिक शाखा प्रमुख) – सदस्य सचिव

जिल्ला प्राविधिक कार्यालय अर्घाखाँचीको च.नं. ३३० मिति: २०७४/१२/२७ को पत्र साथ संलग्न जिल्ला दररेट निर्धारण समितिको निर्णय (प्रतिलिपी) प्राप्त भयो । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य एंव अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला भाडा तथा न्यूनतम दररेट निर्धारण गर्न सक्ने ब्यवस्था भएको हुदा, चालु आ.वा को बाँकी अवधिको लागि जिल्ला दररेटको आधारमा सार्वजनिक खरिद कार्य गरिदै आएकोमा तपसिलका निर्माण सामग्रीको बजार मूल्य १० प्रतिशत भन्दा बढी दरले बृद्धी भएको (विभिन्न निकाय, व्यवसायीहरुबाट पेश भएको दररेट यसै साथ संलग्न छ) । यस कार्यालयबाट टेण्डर आब्हान हुँदा तोकिएको दररेट भित्र टेण्डर पेश नभएकाले चालु आ.व.को लागि शितगंगा नगरपालिकाको दररेट दररेट निर्धारण समितिवाट निर्धारण गर्ने गरी

१. स्टील पोल (विद्युत पोल)

२. जस्तापाता (GI Sheet)

३. GI तार (तारजाली)

बाँकी निमार्ण सामग्री एंव निमार्ण कार्यको दररेट चालु आ.वा.को लागि जिल्ला दररेट निर्धारण समितिवाट भएवमोजिमकै हुने ।

यथासिध्र नगर दररेट निर्धारण समितिको वैठक वसी तोकीएको सामाग्रीको दररेट पुनरावलोकन गरी खरिद कार्यलाई अगाडी बढाउने ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगरपालिका भित्रका विभिन्न स्थानका सार्वजनिक जग्गाको लगत संकलन, अतिकमीत जग्गाको पहिचान अतिकमणकारीलाई तत्काल अतिकमीत जग्गा खाली गराउने र तोकेको अवधिभित्र त्यस्ता संरचना नहटाएमा वल प्रयोग गरी हटाउने, हटाउँदा लाग्ने खर्च अतिक्रमणकारीबाट असुल गर्ने, र अतिक्रमणकारीलाई अतिक्रमित सार्वजनिक जग्गा वा संरचना नहटाए सम्म कुनै प्रकारको सिफारिस वा सुविधा रोक्का गर्ने निर्णय गरियो । साथै सबै वडा कार्यालयहरुले प्राथमिकता साथ उक्त कार्य कार्यान्वयन गर्ने गराउने ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ग्रेड नमिलाई प्राविधिक नाँपजाँच विना जथाभावी निर्मित संरचनाको भुक्तानी नहुने/नगर्ने सम्बन्धमा धेरै स्थानमा जथाभावी ढगंले ग्रेड नमिलाई सडक निर्माण गर्ने, जसमा सवारी साधन गुडाउन नसकिने वा नमिल्ने, प्राविधिक रुपमा उपयुक्त नदेखीएका जथाभावी रुपमा निर्मित सडकहरुको भुक्तानी नगर्ने । साथै कुनै एक आयोजना कार्यान्वयन गर्दा आर्को आयोजनामा क्षति पुगेमा भएको क्षति कार्यान्वयन भईरहेकै आयोजनाले वनाई दिनु पर्ने अन्यथा रकम भुक्तानी नगरिने वा गरिएमा पनि रकम कट्टा गरी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७४/१०/२८ गतेको निर्णय नं. ५ मा चालु आ.व.मा कार्यान्वयन गर्ने गरी नगरसभावाट विनियोजन भएका आन्तरिक श्रोत तर्फका बाहेकका २० लाख भन्दा साना योजनाहरु २०७४ साल चैत्र मसान्त भित्र सम्पन्न गरी फरफारक लिन सवै वडा अध्यक्षहरुले आ-आफ्नो वडा भित्रका समितिहरुलई क्रियाशिल गराई कार्यान्वयन गराउने साथै सो समय भित्र

कार्यान्वयन नभएका योजनाहरु नगर कार्यपालिकाको अन्य विकास निर्माणमा रकमान्तर गर्ने भनि निर्णय भएकोमा विभिन्न समस्याको कारण चैत्र मसान्त भित्र उक्त निर्णय अनुसार सम्पन्न हुन नसकेकोले उक्त कार्यको समय अवधि २०७५ साल बैशाख मसान्त सम्म गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा कर्मचारी करार नियुक्ति सम्बन्धमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५० हजार भन्दा कम जनसंख्या भएको नगरपालिकाको लागि प्राप्त स्वीकृत दरवन्दी भित्र रही तपसिलका कर्मचारीहरु आवश्यक प्रकृया पुरागरी सेवा करार गर्ने निर्णय गरियो ।

| सि.नं. | पदपूर्तिको किसिम | आवश्यक संख्या | पद | तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | करार | १ (एक) | इन्जिनियर | सहायक स्तर छैठौं | प्राविधिक |
| २ | करार | ४ (चार) | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | प्राविधिक |
| ३ | करार | १ (एक) | नापी (अमिन) | सहायक स्तर चौथो | प्राविधिक |
| ४ | करार | १ (एक) | सहायक कम्प्यूटर अप्रेटर | सहायक स्तर चौथो | प्राविधिक |
| ५ | करार | २ (दुई) | कार्यालय सहयोगी (न.पा का तर्फ) | श्रेणी विहिन | प्रशासन |
| ६ | करार | १४ (एक) | कार्यालय सहयोगी (वडा तर्फ) | श्रेणी विहिन | प्रशासन |
| ७ | करार | १ (एक) | स्वीपर | श्रेणी विहिन | प्रशासन |
| ८ | करार | १ (एक) | भान्से (प्रमुख प्रशासकीय) | श्रेणी विहिन | प्रशासन |

कर्मचारीहरुको सेवा कराको लागि देहाय बमोजिमको कर्मचारी छनौट समिति गठन गर्ने

प्र.प्रशासकीय अधिकृत सदस्य

सार्वजनिक सेवा तथा क्षमता विकास समितिको संयोजक सदस्य

प्राविधिक शाखा प्रमुख सदस्य

योजना शाखा प्रमुख सदस्य सचिव

विज्ञको रुपमा जिल्ला प्राविधिक कार्यालयबाट इन्जिनियर आमन्त्रण गर्ने ।

अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

प्राविधिक कर्मचारीहरुको योग्यता लोक सेवा आयोगले तोके बमोजिम हुनेछ । सेवा सुविधा करार सम्झौतामा उल्लेख भएबमोजिम हुने छ ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा अपाङ्ग भएका व्यक्तिको अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन २०७४ को दफा ४२ मा भएको व्यवस्था बमोजिम शितगंगा नगरपालिका अपाङ्ग समन्वय समितिको पूर्णताको लागि नगर कार्यपालिकाको महिला सदस्य मध्येबाट कार्यपालिकाले तोक्ने एक जना सदस्यमा पवित्रा थापा लाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा प्रथम नगरसभाको बैठकबाट सुखौरा खानेपानी म्याचिङ्गफण्ड भनि रु ३७६०००।- विनियोजन हुँदा आन्तरिक श्रोत तर्फबाट भएकोमा हाल आन्तरिक श्रोतमा रकम नभएकोले न.पा. वित्तिय समानिकरण अनुदान तर्फ म्याचिङ्ग फण्ड शिर्षकमा विनियोजन भएको रकमबाट कार्य सम्पन्न मुल्याङ्कनका आधारमा म्याचिङ्ग बापतको रकम समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा विद्यालय विकास प्रस्तावनापत्र सहित यस न.पा.को शिक्षा शाखामा कक्षा थप अनुमतीको लागि निवेदन पेश गरेका तपशिल बमोजिमका विद्यालयहरुलाई स्थलगत निरीक्षण प्रतिवेदन समेतका आधारमा पछी नगरसभाबाट अनुमोदन हुने गरी कक्षा थपको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | विद्यालयको नाम ठेगाना | विद्यालयको किसिम | प्रस्तावित विद्यार्थी संख्या | कक्षा थप सम्बन्धमा निरिक्षकको राय भए/नभएको | थप गर्न अनुमती दिईएको कक्षा |
|---|---|---|---|---|---|
| १ | कन्या आधारभुत विद्यालय ठाडा | सामुदायिक | १३ | प्राप्त भएको | ५ (पाच) |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | डिही आधारभुत विद्यालय सिद्धारा | सामुदायिक | २२ | प्राप्त भएको | ६ (५) |
| ३ | शान्ति आधारभुत विद्यालय ठाडा | सामुदायिक | २२ | प्राप्त भएको | ७ (सात) |
| ४ | ग्रिन स्टार इ. वो स्कुल ठाडा | संस्थागत | २२ | प्राप्त भएको | ८ (आठ) |

(उल्लेखित विद्यालयहरुलाई कम्तीमा ३ वर्ष सम्म दरवन्दी नथप्ने र नगरपालिकाबाट थप शिक्षकको तलव भत्ता बापत रकम उपलब्ध नगराउने)

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा सूचना प्रविधि (ICT) पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्र विकास अनुदान प्रदान गर्न उक्त विषय सम्बन्धि प्रस्तावना माग सार्वजनिक सूचना गरी सो को आधारमा छनौट भएको सामुदायिक सिकाई केन्द्रलाई बजेट उपशिर्षक नं. ८०१२८१ सि.नं. ५.१.८.१९८ मा उल्लिखित रकम रु २,००,०००।- (दुई लाख) प्रदान गर्ने निर्णय गरियो साथै सो प्रस्तावनाको मुल्याङ्कन गर्न तपशिल बमोजिमको प्रस्तावना छनौट तथा मुलयङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. शिक्षा शाखा प्रमुख - सदस्य

३. योजना शाखा प्रमुख - सदस्य

निर्णय नं. १५ आज संचालन भई रहेको बैठक समय अभावका कारण मिति २०७५ साल बैशाख ४ गते विहान ८.०० वजे वस्ने निर्णय गरियो ।